ཨོཾ་ཤོད་རོང་རོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

# सोलुदुधकुण्ड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल

प.सं. : २०८२/८३

च.नं. : १५८८

मितिः २०८२।१२।२७

श्री कक्षा ८ सञ्चालित सबै विद्यालयहरु,

सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बु ।

**विषयः आधारभूत शिक्षा (कक्षा ८) उत्तीर्ण परीक्षाको नतिजा प्रकाशन गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयका सम्बन्धमा सोलुदुधकुण्ड नगरपालिकाद्वारा सञ्चालन गरिएको शैक्षिक सत्र २०८२ को नगरपालिकास्तरीय आधारभूत शिक्षा (कक्षा ८) उत्तीर्ण परीक्षाको नतिजा नगर परीक्षा समितिको मिति २०८२/१२/२६ गतेको निर्णय अनुसार Online Based EMIS मार्फत प्रकाशन गरिएको छ । परीक्षार्थी विद्यार्थीहरुले सम्बन्धित विद्यालयमा गई आफ्नो नतिजा बारेमा जानकारी लिन सक्नुहुनेछ । साथै विद्यालयहरुले देहाय बमोजिम गर्नु गराउनुहुन अनुरोध छ ।

**देहायः**

क. नतिजाको विस्तृत जानकारीको लागि आफ्नो इमिस Login गरी Manage Exam> Grade wise Ledger Choose Year and Class>Load> Print or Save as Pdf मार्फत Grade Ledger प्राप्त गरी प्रमाणित प्रति विद्यालय सूचना पाटीमा समेत टाँस्ने व्यवस्था मिलाउने,

ख. दुई विषय सम्म अवर्गीकृत (NG) मा परेका विद्यार्थीहरुका लागि मात्र मिति २०८३/०१/६ र ७ गते ग्रेड वृद्धि विद्यालयले तोकिए बमोजिम संञ्चालन गर्ने गराउने निर्णय भएको हुँदा सम्बन्धित विद्यार्थीहरुलाई विद्यालयले प्रश्नपत्र निर्माण गरी परीक्षा सञ्चालन गर्ने र प्राप्ताङ्क २०८३/०१/१२ गतेभित्र शिक्षा शाखाको मेल solududhkundamuneducation15@gmail.com मा पठाउने,

ग. Grade Sheet Certificate को लागि जन्मदर्तासँग तुलना गर्दा अझैपनि कुनै विद्यार्थीहरुको नामनामेसी र जन्ममिति सम्बन्धी विवरण फरक परेको भए २०८३ साल बैशाख २०८३।०१।१९ गतेभित्र शिक्षा शाखामा जानकारी गराउने,

घ. प्रकाशित नतिजा उपर चित्त नबुझी पुनर्योग गर्नु परेमा प्रति विद्यार्थी रु २००/- को भौचर सहित अनलाइन अफलाइन माध्यमबाट मिति २०८२ चैत्र मसान्तभित्र नगरपालिकामा निवेदन दिन सकिने,

२०८२।१२।२६

टुक्ति शेर्पा

प्रमुख प्रशासकीय अधिकृत